# दलित तथा अति विपन्न परिवारहरुको लागि खानेपानी मिटर सहयोग कार्यक्रमसम्बन्धी मापदण्ड, २०७७

पृष्ठभूमी:

संघीयता कार्यान्वयनसँगै गठन भएका तीन तहका सरकारहरु मध्ये जनताको निकट सरकार स्थानीय तह भएको हुँदा आफ्ना नीति तथा कार्यक्रम मार्फत लक्षित वर्गको दैनिक जीवनस्तरमा सुधार तथा परिवर्तन ल्याउने गरी काम गर्नुपर्ने देखिन्छ । सोही कुरालाई ध्यानमा राखी भूमिकास्थान नगरपालिकाको आ.व. २०७७/०७८ को बार्षिक कार्यक्रम अनुसार दलित तथा अति विपन्न परिवारहरुको लागि खानेपानी मिटर सहयोग कार्यक्रम ल्याएको हो । उक्त कार्यक्रमलाई बढी पारदर्शी र जवाफदेही बनाउनका लागि भूमिकास्थान नगरपालिकाले यो मापदण्ड बनाएकोछ ।

**१,** दलित तथा अति विपन्न परिवारहरुको लागि खानेपानी मिटर सहयोग कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७ भूमिकास्थान नगरपालिका भित्र खानेपानीको कार्यक्रम सम्पन्न भई एक घर एक धारा कार्यक्रम संचालन भएका गाउ, टोल र वस्तीमा लागु हुनेछ ।

**२,** यस मापदण्डमा उल्लेख भएका शब्दावलीहरुलाई निम्न अनुसार व्याख्या गरिएकोछ:

(क) **"मापदण्ड"** भन्नाले पानी मिटर विरणमा एकरुपता, पारदर्शी र जवाफदेही बनाउनका लागी बनाइएको विधिलाई जनाउछ ।

(ख) "नगर प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको नगर प्रमुखलाई जनाउछ ।

(ग) "नगर उप प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको नगर उप प्रमुखलाई जनाउछ ।

(घ) "प्रमुख प्रशसकीय अधिकृत" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

(ङ) "मिटर" भन्नाले उपभोक्ताले दैनिक रुपमा घरायसी प्रयोजनमा प्रयोग गरिएको पानीको अंक सहित उल्लेख हुने मेसिन (मिटर) लाई जनाउछ ।

(च) "लाभग्राही" भन्नाले मिटर प्राप्त गर्न योग्य व्यक्ति वा उपभोक्तालाई जनाउछ ।

(छ) "समिति" भन्नाले लाभग्राहीलाई पानी मिटर वितरणका लागि नगरस्तर र वडा स्तरमा गठन भएको समितिलाई जनाउछ ।

**३,** यस मापदण्डको उद्देश्य पानी मिटर प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई सहज, सरल, एकरुपता,पारदर्शि र जवाफदेही बनाउनु हो ।

**४, मिटर वितरण गर्दा नगरपालिकाले अबलम्बन गर्नु पर्ने आधारहरु:-**

४.१, एक घर एक धारा कार्यान्वयन हुने वडाका दलित तथा अति विपन्न परिवारहरुको संख्या यकिन गर्ने ।

४.२, मिटर प्राप्त गर्ने लाभग्राहीहरुलको तथ्याङ्क संकलन गर्नुपर्ने ।

४.३, मिटर वितरणका लागी न्युनतम ७ (सात) दिने सुचना प्रकाशन गर्ने ।

४.४, वडा मार्फत कार्यक्रम कार्यन्वयन गर्न गाउ, टोल वस्तिका लाभग्राहीहरुलाई अनुसूची १ अनुसारको ढाँचामा निवेदन पैश गर्ने व्यवस्थामिलाउने ।

४.५, मिटर प्राप्तीका लागि प्राथमिकता क्रम अनुसार वडाबाट सिफारिस भई आएका लाभग्राहीहरु छनोट गरी मिटर वितरण गर्ने व्यवस्था मिलाउने ।

४.६, वडा तहमा सम्बन्धित लाभग्राहीहरुले एकैपटक मिटर प्राप्त गर्ने गरी आवश्यक व्यबस्था मिलाउने ।

४.७ लाभग्राहीले मिटर प्राप्त गरी सकेपछि दुरुपयोग गरेको पाईएमा आवश्यक कारवाही गर्ने ।

४.७, मिटर वितरण अगाडि, सँगै वा पछाडि अनुगमनको व्यवस्था गर्ने ।

**५, लाभग्राही छनोटका आधारहरुः**

५.१ सम्बन्धित वडामा बसोवास गरी एक घर एक धारा कार्यक्रम लागु भएको व्यक्तिको घर परिवार ।

५.२, नेपाल सरकारले गरिबीको परिभाषा गरे अनुसारको घर परिवार ।

५.३ दलित घर परिवार ।

५.४ खानेपानी मिटर जोड्न इच्छुक लाभग्राही ।

६, लाभग्राहीले मिटर प्राप्तीका लागि तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको समयमा नै सम्बन्धित वडामा निवेदन दिनु पर्नेछ ।

**७, नगर स्तरीय व्यवस्थापन समितिः** मिटर वितरण कार्यलाई बढी प्रभावकारी देहायबमोजिमको एक नगर स्तरीय व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क)नगर प्रमुख | संयोजक |
| (ख) नगर उप प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पूरवाधार विकास समिति संयोजक | सदस्य |
| (ङ) योजना अधिकृत | सदस्य |
| (च) जिन्सी फाँट हेर्ने प्रमुख | सदस्य |

(छ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ज) नगर प्रमुखले तोकेको दलित महिला प्रतिनिधि — सदस्य

(झ) सम्बन्धित प्राविधिक शाखा प्रमुख — सदस्य सचिव

समितिले बैठकमा बढीमा तीन जनालाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ।

९, समितिको काम कर्तव्य र अधिकार मुख्य बुँदाको ४ मा उल्लेख भए बमोजिम हुनेछ।

**१०,** वडा स्तरीय व्यवस्थापन समितिः कार्यक्रम कार्यान्वयन गर्नका लागि देहायबमोजिमको एक वडास्तरीय व्यवस्थापन समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक

(ख) सबै वडा सदस्यहरु — सदस्य

(ग) वडा सचिव — सदस्य सचिव

बैठकमा बढीमा तीन जना सम्मलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

बैठक सम्बन्धी कार्यविधि समिति आफैलेनिर्धारण गरे बमेजिमहुनेछ।

**११, वडाको भूमिकाः**

११.१, लाभग्राहीको तथ्याङ्क संकलन गर्ने।

११.२, तोकिएबमोजिमको ढाँचामा निवेदन संकलन गर्ने।

११.३, मिटर प्राप्तिका लागि सिफारिस गर्ने।

११.४, तोकीएको आधारमा लाभग्राहीहरुको प्राथमिकीकरण गरी वस्तुगत अनुदानका लागि नगरपालिकामा सिफारिस गर्ने।

११.५, नगरपालिकाबाट छनोट भइ आएका लाभग्राहीहरुलाई तोकिए बमोजिमको भरपाई गराई यथासमयमा नै मिटर वितरण गर्ने।

११.६, वितरण गरिएका मिटरहरुको लाभग्राहीले उपयोग गरे नगरेको अनुगमन गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने।

**१२,** वितरण गरिएका मिटरहरुमा कुनै समस्या आएमा लाभग्राहीले सम्बन्धित वडामा समयमा नै गुनासो दर्ता गराउनु पर्नेछ।

**१३,** मिटर वितरण सम्बन्धी कुनै समस्या वा द्विविधा देखिएमा नगर पालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसूची १

**निवेदनको ढाँचा**

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू**
भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची ।

बिषयः- खानेपानी मिटर उपलब्ध गराई दिनुहुन ।

महोदय,

प्रस्तुत बिषयमा तहाँको मिति........।......।......को सूचना अनुसार दलित तथा अति विपन्न परिवारहरुका लागि खानेपानी मिटर सहयोग कार्यक्रम अन्तरगत म सो प्रकृयाका लागि योग्य भएकोले खानेपानी मिटर उपलब्ध गराई दिनुहुन निम्न कागजात संलग्न राखि अनुरोध गर्दछु ।

मिटर प्राप्त गरि सकेपछि सोको सदुपयोग गर्नेछु । बेचीमासी खाएमा नियमानुसार कारवाही भोग्न समेत तयार रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिलः-

(क)नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
(ख)वडा कार्यालयको सिफारिस

निवेदकः-
हस्ताक्षरः-
नामः-
ठेगानाः-
सम्पर्क फोन नः-

श्रीमान् संयोजक ज्यू, भूमिकास्थान नगरपालिका, नुवाकोट, अर्घाखाँची ।
नीज निवेदक अति विपन्न/दलितभएकोले खानेपानी मिटर उपलब्ध गराई दिनुहुन सिफारिस साथ अनुरोध गर्दछु ।

हस्ताक्षरः-

कार्यालयको छाप नामः-

पदः-